सिद्ध कुमारव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल


प.स. २०८१।८२

च.न.

मिति २०८१/०५/२९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. विद्यालय अनुदानका लागि विद्यालय छनौट सम्वन्धमा ।

२. बोरीखोला सडक निर्माण ठेक्का म्याद सम्बन्धमा ।

३. खार्बन मावि ४ कोठे भवन निर्माण योजना संसोधन सम्बन्धमा।

४. स्यानिटरी प्याड डिस्पोजल मेशिन खरिद सम्बन्धमा ।

५. अनुदान शिक्षक/कर्मचारीको करार सम्झौता रद्ध गर्ने सम्वन्धमा।

६. अनुदान शिक्षक भर्ना गर्ने सम्वन्धमा।

७. गापा अनुदान शिक्षकको अस्थायी करार लिस्टको विज्ञापन गर्ने सम्वन्धमा।

८. आर्थिक सहायता सम्वन्धमा।

९. विविध ।

प्रस्ताव नं १ विद्यालय अनुदान लागि विद्यालय छनोट सम्बन्धमा ।

**निर्णय नं १:**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८१ भाद्र १८ को पत्र अनुसार र विद्यालय अनुदान छनौट सम्बन्धी निर्देशिका बमोजिम तलका सूचकहरुका आधारमा देहायका १७ विद्यालयहरु छनौट गरी युएसएआइडी प्रारम्भिक कक्षा सिकाइ कार्याक्रमका लागि पठाउने निर्णय गरियो ।

**विद्यालय छनोटका आधारहरु**

- विद्यालयले नेपाल सरकारको EMIS प्रणालीमा समावेश भइ तथ्यांक अद्यावधिक गरेको ।
- शैक्षिक सत्र २०८१को EMIS तथ्यांकमा कक्षा १ देखि ३ सम्मका कम्तिमा १५ र सो भन्दा बढी विद्यार्थी संख्या भएको विद्यालय (२०८१ भाद्र १८ गते सम्म अद्यावधिक गरिएको तथ्यांक लिएको)
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भइ सक्रिय रहेको ।
- संघ तथा प्रदेशबाट नमुना विद्यालयका रुपमा छनौट नभएका विद्यालय ।
- आर्थिक वर्ष २०८१/८२ मा कुनै अन्य निकायबाट प्रारम्भिक कक्षा लक्षित पढाइ तथा गणीतीय सीप विकासमा केन्द्रित अनुदान प्राप्त नभएको विद्यालय ।

**माथीको सूचकहरुको आधारमा विद्यालय अनुदानका लागि छनोट भएका विद्यालयहरुको सूची**

| SN | EMIS Code | Full Name of School | Ward no. | Address/Tole |
|---|---|---|---|---|
| 1 | 550030003 | Mahendra Adarsha Secondary School | 1 | Siddhakumakh |
| 2 | 550030006 | Saraswati Basic School | 1 | Siddhakumakh |
| 3 | 550420004 | Mahendra Basic school | 2 | Siddhakumakh |
| 4 | 550420006 | Siddha secondary school | 2 | Siddhakumakh |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| 5 | 550420007 | Deurali Secondary School | 2 | Siddhakumakh |
| 6 | 550420008 | Bishnu Basic school | 2 | Siddhakumakh |
| 7 | 550420001 | Himalaya Basic school | 3 | Siddhakumakh |
| 8 | 550420002 | Nirajan Secondary School | 3 | Siddhakumakh |
| 9 | 550420005 | BalkalyanBasci school | 3 | Siddhakumakh |
| 10 | 550060004 | Janata Kalika basic school | 4 | Siddhakumakh |
| 11 | 550060005 | Shanti sundar secondary school | 4 | Siddhakumakh |
| 12 | 550060006 | Janasewa basic school | 4 | Siddhakumakh |
| 13 | 550060002 | Yuba Janata basic school | 4 | Siddhakumakh |
| 14 | 550060003 | Himalay Basic school | 5 | Siddhakumakh |
| 15 | 550060007 | Nepalrastriya secondary school | 5 | Siddhakumakh |
| 16 | 550060008 | Taradevi basic school | 5 | Siddhakumakh |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| 17 | 550060011 | Sarswati bal basic school | 5 | Siddhakumakh |

**प्रस्ताव नं २ बोरीखोला सडक निर्माण ठेक्का म्याद सम्बन्धमा ।**

**निर्णय नं २:**

गाउँपालिका र श्री पुना निर्माण सेवा लमही न.पा.-६ दाङ बिच खानीगाउँ-बोरीखोला सडक निर्माण (SKRM/SQ/WORKS/2079/2080-01) का लागि मिति २०८०/०२/२८ मा भएको सम्झौता बमोजिम विभिन्न समयमा म्याद थप गर्दा समेत निर्माण कार्य सम्पन्न हुन नसकेकोले हाललाई अन्तिम पटकका लागि सार्बजनिक खरिद ऐन तथा नियामावलीको प्रचलित ब्यवस्था बमोजिम जरिमान लाग्ने गरी मिति २०८१ पौष मसान्त सम्म अन्तिम पटक म्याद थप गर्ने निर्णय गरियो

**प्रस्ताव नं ३ खार्बन मावि ४ कोठे भवन  निर्माण योजना संसोधन सम्बन्धमा ।**

**निर्णय नं ३:**

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१।८२ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार सिद्ध कुमाख गाउँपालिका सल्यान अन्तर्गत शशर्त अनुदान तर्फ **खार्बन मावि ४ कोठे भवन निर्माण सिद्ध कुमाख वडा नं ४ सल्यान** शिर्षकमा रु १२ लाख बजेट विनियोजन भइ आएकोमा  उक्त शिर्षक अनुसार त्यस विद्यालयमा ४ कोठे भवन निर्माणका लागि १२ लाख बजेट अत्यन्तै न्युन हुने र भवनको सामान्य संरचना समेत निर्माण गर्न कठिन हुने भएकोले सो योजना संचालनका लागि विद्यालयको आवश्यकता एवं गाउँपालिकाको डिजाइन ड्रइङ बमोजिम निर्माण हुने गरी योजनाको नाम देहाय बमोजिम संसोधन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| साविकको योजना | कायम गर्नु पर्ने योजना | विनियोजित बजेट |
|---|---|---|
| खार्बन मावि ४ कोठे भवन निर्माण सिद्ध कुमाख वडा नं ४ सल्यान | खार्बन मावि भवन निर्माण सिद्ध कुमाख वडा नं ४ सल्यान | रु १२ लाख |

**प्रस्ताव नं ४ स्यानिटरी प्याड डिस्पोजल मेशिन खरिद सम्बन्धमा ।**

**निर्णय नं ४:**

गाउँपालिकाका सबै विद्यालयहरुमा स्यानिटरी प्याडको राम्रो खपत भइरहेको सन्दर्भमा प्रयोग भएको स्यानिटरी प्याड नष्ट गर्नका लागि डिस्पोजल मेशिन आवश्यक देखिएकोले किशोरीहरुको संख्याका आधारमा आवश्यक रहेका विद्यालयहरुमा गाउँपालिकाको शशर्त अनुदान तर्फ स्यानीटरी प्याड खरिद शिर्षकमा विनियोजित रकमबाट डिस्पोजल मेशिन खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ अनुदान शिक्षक/कर्मचारीको करार सम्झौता रद्ध गर्ने सम्वन्धमा।**

**निर्णय नं ५:**

गाउँपालिका अनुदान मार्फत विभिन्न विद्यालयका लागि खटाइएका कतिपय शिक्षकहरुले विना जानकारी विद्यालय छोडने, लामो अवधि अनुपस्थित रहने लगायतका गतिविधिले गर्दा पठनपाठन प्रभावित भएको गुणासो आएको हुदा विशेष परिस्थिति बाहेक कुनैपनि अनुदान शिक्षक/कर्मचारी विदा स्वीकृत नगराई ७ दिन भन्दा बढि विद्यालय अनुपस्थित भएमा **गापा अनुदान (शिक्षक तथा कर्मचारी) परिचालन तथा व्यवस्थापन कार्यविधी २०८०** को दफा ११ बमोजिम शिक्षक/कर्मचारीको करार सम्झौता रद्ध गरि सेवाबाट हटाउने गर्ने निर्णय गरियो । साथै हाल कतिपय विद्यालयको अनुगमन गर्दा तपसिलका विद्यालयहरुमा कार्यरत उल्लेखित शिक्षकहरुले आधिकारीक जानकारी विना लगातार १० दिन भन्दा बढि अनुपस्थित देखिएको हुनले निजहरुलाई आजको मिति देखि लागु हुने गरि **गापा अनुदान (शिक्षक तथा कर्मचारी) परिचालन तथा व्यवस्थापन कार्यविधी २०८०** को दफा ११(२) बमोजिम करार सम्झौता रद्ध गरी पदबाट हटाउने निर्णय गरियो ।

| सि.न. | शिक्षकको नाम | तह | कार्यरत विद्यालय |
|---|---|---|---|
| १. | बुद्धिमान चलाउने | आवि तह (अग्रेजी) | जनता कालिका आवि वडा नं. ४ चिनाली |
| २. | अस्मिता बुढाथोकी | आवि तह | श्री सरस्वति बाल आवि वडा नं. ५ घरेली |

**प्रस्ताव नं ६ अनुदान शिक्षक भर्ना गर्ने सम्वन्धमा।**

**निर्णय नं ६:**

निर्णय नं ४ बमोजिम करार सम्झौता रद्ध भइ गापा अनुदान शिक्षक पद रिक्त हुन गएका र पदपुर्ति हुन नसकेका तपसिलका विद्यालयहरुमा देहायको शिक्षकहरुको पदपुर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो।

| क्र.सं | विद्यालयको नाम | पद | तह/विषय | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनता कालिका आवि वडा नं. ४ चिनाली | शिक्षक | आवि (६-८)/अग्रेजी | १ | करार सुचीबाट पदपुर्ति हुने |
| २. | श्री सरस्वति बाल आवि वडा नं. ५ घरेली | शिक्षक | आवि (१-३) | २ | करार सुचीबाट पदपुर्ति हुने |

**प्रस्ताव नं ७ गापा अनुदान शिक्षकको अस्थायी करार लिस्टको विज्ञापन गर्ने सम्वन्धमा।**

**निर्णय नं ७:**

गाउँपालिका द्धारा व्यवस्थापन गरिएको गापा अनुदान शिक्षकहरु विभिन्न कारणले छिटो छिटो पद रिक्त हुने र पदपुर्ति गर्दा पठनपाठन प्रभावित हुने र खर्चिलो समेत हुने हुदा एकमुष्ट रुपमा शिक्षक जनशक्ति मौजदात सुची तयार गर्ने प्रयोजनका लागि तपशिलका शिक्षकको विज्ञापन गर्ने निर्णय गरियो ।

| क्र.सं | पद | तह/विषय | संख्या |
|---|---|---|---|
| १. | बालविकास सहजकर्ता | बालविकास | ३ |
| २. | शिक्षक | आवि (१-५) | ७ |
| ३. | शिक्षक | आवि (६-८) | अग्रेजी-४ गणित-४ विज्ञान-४ सामाजिक-४ नेपाली-४ |
| ४. | शिक्षक | मावि | अग्रेजी-३ गणित-३ विज्ञान-३ सामाजिक-३ नेपाली-३ |

## प्रस्ताव नं ८ आर्थिक सहायता सम्वन्धमा।

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | बीर बहादुर सार्की | सिद्ध कुमाख ४ सल्यान | पेट सम्बन्धी अपरेशन भइ उपचार भैरहेको | रु १५ हजार |

## प्रस्ताव नं ९ विविध सम्वन्धमा।

**निर्णय नं ९:**

- सिद्ध कुमाख गाउँपालिका अन्तरगत विद्यालय अनुदान कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विद्यालय छनौट देखि समापन प्रक्रिया सम्म आवश्यक प्राविधिक सहयोग सहजीकरण तथा अनुगमन मूल्यांकन गर्ने निर्णय गरीयो ।
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८१ भाद्र १८ को पत्र अनुसार र विद्यालय अनुदान छनोट सम्बन्धी निर्देशिका तथा मिति २०८१।०५।२५ र २६ गतेको प्रदेश स्तरीय अभिमुखीकरण बमोजिम विद्यालय अनुदान कार्यक्रम, विद्यालय छनोट प्रक्रिया, कार्यान्वयन प्रक्रिया र स्थानीय तह तथा विद्यालयको भूमिकाको सन्दर्भमा छलफल तथा अभिमुखीकरण गरियो ।